# संघीय संसद
# प्रतिनिधि सभा
छैटौं अधिवेशन
बैठक संख्या - १९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ २६ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको विनियोजन विधेयक, २०७७ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मा० मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा मा० श्री प्रेम सुवाल र मा० श्री पुष्पा भुसाल (गौतम)ले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले स्पष्ट पार्नुभयो ।

तत्पश्चात मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री पार्वत गुरुङ्गले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री पार्वत गुरुङ्गले स्पष्ट पार्नुभयो ।

१. मा० श्री दुर्गा पौडेल
२. मा० श्री उमा रेग्मी
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री वसन्त कुमार नेम्वाङ्गले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री वसन्त कुमार नेम्वाङ्गले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रामबाबु कुमार यादव
२. मा० श्री सञ्जय कुमार गौतम
३. मा० श्री चन्द्रकान्त चौधरी
४. मा० श्री प्रेम सुवाल

त्यसपछि मा० शहरी विकास मन्त्री श्री वसन्त कुमार नेम्वाङ्गले शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० शहरी विकास मन्त्री श्री वसन्त कुमार नेम्वाङ्गले स्पष्ट पार्नुभयो ।

१. मा० श्री उमाकान्त चौधरी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री राजेन्द्रप्रसाद लिङदेन

तत्पश्चात मा० खानेपानी मन्त्री श्री बीना मगरले खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० खानेपानी मन्त्री श्री बीना मगरले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रामबाबु कुमार यादव
२. मा० श्री सुजाता परियार
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बनधमा मा० भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले स्पष्ट पार्नुभयो ।

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री रामबाबु कुमार यादव
३. मा० श्री प्रेम सुवाल

त्यसपछि मा० युवा तथा खेलकूद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले युवा तथा खेलकूद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० युवा तथा खेलकूद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रंगमती शाही
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री एकवाल मियाँ

तत्पश्चात मा० श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री रामेश्वर राय यादवले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा मा० श्री डिला सँग्रौला (पंत) र मा० श्री प्रेम सुवालले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री रामेश्वर राय यादवले स्पष्ट पार्नुभयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बनधमा मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले स्पष्ट पार्नुभयो ।

१. मा० श्री राजेन्द्र कुमार के.सी.
२. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
३. मा० श्री प्रेम सुवाल

त्यसपछि मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश कुमार भट्टराईले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा मा० श्री देवेन्द्रराज कंडेल र मा० श्री प्रेम सुवालले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश कुमार भट्टराईले स्पष्ट पार्नुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टले उक्त उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री लक्ष्मणलाल कर्ण
३. मा० श्री प्रमिला राई

तदुपरान्त मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भानुभक्त ढकालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भानुभक्त ढकालले स्पष्ट पार्नुभयो ।

| | | | |
|---|---|---|---|
| १. | मा० श्री पार्वता डि.सी. (चौधरी) | ३. | मा० श्री प्रेम सुवाल |
| २. | मा० श्री दुर्गा पौडेल | ४. | मा० श्री रामसहायप्रसाद यादव |

त्यसपछि मा० कृषि तथा पशुपंक्षि विकास मन्त्री श्री घनश्याम भुषालले कृषि तथा पशुपंक्षि विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा मा० श्री पद्मनारायण चौधरी (थारु) र मा० श्री प्रेम सुवालले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा मा० कृषि तथा पशुपंक्षि विकास मन्त्री श्री घनश्याम भुषालले स्पष्ट पार्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले रुकुम पश्चिम जिल्लाको चौरजहारी नगरपालिका वडा नं. ८ सोतीमा मिति २०७७/०२/१० गते घटेको घटनाको सम्बन्धमा प्रतिनिधि सभाको बैठकमा प्रश्न उठेको र उक्त घटनाको यथार्थ अध्ययन तथा अनुगमन गरी प्रतिवेदन पेश गर्न विशेष समिति गठन गर्ने सम्बन्धमा मैले सदनलाई जानकारी समेत गराइसकेको हुँदा तत्सम्बन्धमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम संसदीय विशेष समिति गठन गर्नको लागि समितिमा रहनुहुने माननीय सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्नुहुँदा सभाले सहमति जनायो ।

१. संसदीय विशेष समितिको गठन : (१) यस प्रस्ताव बमोजिम गठित समितिको नाम चौरजहारी नगरपालिका, सोती घटना छानविन संसदीय विशेष समिति रहेको छ ।

(२) समितिमा देहाय बमोजिमका मा० सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| १) मा० श्री देवेन्द्र पौडेल | - संयोजक |
| २) मा० श्री एकवाल मियाँ | - सदस्य |
| ३) मा० श्री दुर्गा पौडेल | - सदस्य |
| ४) मा० श्री पार्वती कुमारी विशुन्के | - सदस्य |
| ५) मा० श्री प्रकाश रसाईली (स्नेही) | - सदस्य |
| ६) मा० श्री बिमला बि.क. | - सदस्य |
| ७) मा० श्री महेश्वरजंग गहतराज (अथक) | - सदस्य |
| ८) मा० श्री मिनबहादुर विश्वकर्म | - सदस्य |
| ९) मा० श्री रामसहायप्रसाद यादव | - सदस्य |

२. समितिको कार्यविधि:

(१) सभामुखको निर्देशनमा रही समितिले आफ्नो कार्यविधि तय गरी लागू गर्न सक्नेछ ।

(२) समितिले आवश्यक देखेमा सम्बन्धित पदाधिकारी वा अन्य व्यक्तिको सहयोग लिन वा समितिमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको अन्य कार्यविधि प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम हुनेछ ।

३. समितिको कार्यावधि: कार्य प्रारम्भ भएको मितिले तीस दिनको लागि हुनेछ ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको बाँकी सम्पूर्ण कार्यक्रमहरु भोलीको बैठकमा हुने गरी निर्धारण गरिएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७७ साल जेठ २७ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी साँझ ६:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव